लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ७, अंक २८, २०८१ चैत्र (Year 7, Issue 28, Mar/Apr - 2025)

महालेखापरीक्षकको कार्यालय



यस भित्र.....

क्र.सं.	शीर्षक	पृष्ठ संख्या
१	गण्डकी प्रदेश सरकारसँग लेखापरीक्षण र बेरुजुलगायत विष्यमा छलफल	४
२	गण्डकी प्रदेश, लेखा समितिको ६७ औं बैठकमा सहभागिता	६
३	पुस्तकालय व्यवस्थापन	७
४	प्रेस तथा मिडियासँग अन्तरक्रिया कार्यक्रम	९
५	रणनीतिक योजना २०२५-२०३० को मस्यौदाउपर सरोकारवालासँग छलफल	१०
६	बेरुजु सम्परीक्षण निर्देशिका जारी	१२

वर्ष ७, अंक २८, २०८१ चैत्र (Year 7, Issue 28 Mar/Apr - 2025)

संरक्षक
माननीय महालेखापरीक्षक
श्री तोयम राया

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री विन्दु विष्ट

सम्पादक मण्डल
संयोजक
नायब महालेखापरीक्षक
श्री श्रीकुमार राई

सदस्य
निर्देशक
श्री टीकानाथ अर्याल
श्री रमेश सुवेदी
लेखापरीक्षण अधिकारी
श्री दिपक आचार्य
श्री नारायण भट्टराई
श्री खगेन्द्र लम्साल

लेआउट/डिजाईन
श्री अनिल कुमार दहित

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं।
फोन नं. ०१-४७७१२७०
फ्याक्स नं. ०१-४२६८३०९
e-mail: oagnep@ntc.net.np
website: oag.gov.np

नोटिस बोर्ड नं. ६१८०१४२५३२७०

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री श्रीकुमार राई
सम्पर्क : ९८५१३५४००७
ईमेल : aag.mgmt@oagnep.gov.np

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री रमेश सुवेदी
सम्पर्क : ९८५१३५४००६
ईमेल : dir.admin@oagnep.gov.np

सम्पादकीय

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा प्रचलित कानुन बमोजिम सबै सरकारी निकाय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था, महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण हुने भनी संघीय कानुनबमोजिम तोकिएको संस्था वा निकायको लेखापरीक्षण गर्ने, सरकारको आंशिक स्वामित्व भएको संस्थाको लेखापरीक्षक नियुक्तिका लागि परामर्श दिने, बहुपक्षीय वा दुईपक्षीय सम्झौता अनुसार महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका आयोजनाको लेखापरीक्षण गर्ने लगायतका कार्य महालेखापरीक्षकको कार्यालयबाट हुँदै आएको छ।

महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजना, २०२१-२०२५ तथा वार्षिक लेखापरीक्षण योजना,२०८१ बमोजिम दोस्रो र तेस्रो चरणसमेतको स्थलगत लेखापरीक्षण सम्पन्न भई महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदन तयारीको चरणमा रहेको छ। साथै यस कार्यालयको समग्र गतिविधिलाई दिशानिर्देश गर्ने पाँचौ रणनीतिक योजना (२०८२/८३-२०८६/८७) तर्जुमा कार्य अन्तिम चरणमा रहेको छ। यसै गरी कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८१ र बेरुजु सम्परीक्षण निर्देशिका, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ। यी दस्तावेजहरुले कार्यालयको काम कारबाहीलाई थप गतिशिल र व्यवस्थित बनाउने प्रदान गर्ने अपेक्षा गरिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएको प्रथम संशोधनले सम्परीक्षण सम्बन्धी कार्यलाई थप स्पष्ट पारेसँगै करीब ३ वर्ष देखि स्थगित भएको संघीय निकाय/कार्यालयहरूको सम्परीक्षणको कार्यलाई सुचारु गरेको छ। यो वर्ष विभिन्न १५ वटा विषयमा कार्यमूलक तथा विशेष लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको कार्यमा गुणस्तर अभिवृद्धि गर्न ६३ वटा फाईलको गुणस्तर आश्वस्ता परीक्षण गरिएको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया तथा प्रमाणहरू अध्ययन गरी बेरुजू फछर्यौट गर्ने कार्यले तीव्रता पाएको छ। प्रेस तथा मिडियासँगको अन्तर्क्रिया कार्यक्रम र नेपाल टेलिभिजनसँगको सहकार्यमा प्रसारित सुशासन सवाल कार्यक्रमले कार्यालयको काम, कर्तव्य, अधिकार र भूमिका विषयमा थप उजागर गर्न मद्दत पुर्‍याउनुका साथै आर्थिक अनुशासन कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। त्यसै गरी सरकारी कार्यालयको आर्थिक काम कारबाही तथा लेखापरीक्षण टोलीका कामको सन्दर्भमा सुझाव तथा गुनासो संकलन गर्न टोल फ्री नम्बर तथा ईमेल समेतको व्यवस्था गरिएको छ। कर्मचारीहरूको क्षमता विकासका लागि स्वदेशी

बाँकी पृष्ठ ११ मा

महालेखापरीक्षकज्यूको सन्देश

नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र तीनवटै तहका सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण हुने व्यवस्था छ।

नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा रहेको यस कार्यालयले लेखापरीक्षणबाट देखिएका विभिन्न महत्वपूर्ण तथ्य र व्यहोराका साथै भविष्यमा सुधार गर्नुपर्ने क्षेत्रहरू समेत समावेश गरी संविधानको धारा २९४(१) अनुसार सम्माननीय राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन पेश गर्दै आएको छ। नेपालको संविधानको कार्यान्वयन पश्चात् संविधान तथा प्रचलित कानून बमोजिम प्रदेशका काम कारबाहीका सम्बन्धमा सम्पूर्ण प्रदेशको अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष र स्थानीय तहको हकमा प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम अलग अलग प्रतिवेदनहरू जारी गर्दै आएको छ।

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने गन्तव्य निर्धारण गरेको महालेखापरीक्षकको कार्यालय सार्वजनिक आर्थिक कारोबारहरूको मूल्याकंनमा निष्ठा, स्वतन्त्रता, व्यावसायिकता, पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन गर्दै समग्र वित्तीय सुशासन तथा आर्थिक अनुशासन कायम गर्न गराउन प्रतिवद्ध रहेको छ। यस अवधिमा हामी वार्षिक लेखापरीक्षण योजना, २०८१ बमोजिम दोस्रो र तेस्रो चरणसमेतको स्थलगत लेखापरीक्षण सम्पन्न गरी अन्तिम प्रतिवेदन तयारीको चरणमा रहेको छौं। यस वर्षको लेखापरीक्षणमा मूलतः शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, विकास व्यवस्थापन, सूचना प्रविधि तथा सुशासनका क्षेत्रमा जोड दिईएको छ। यो वर्ष देखि मन्त्रालयगत प्रतिवेदन समेत जारी गरिने भएकाले सोही अनुरुप तयारी भईरहेको छ। वार्षिक प्रतिवेदनलाई मूर्तरुप दिन मिति २०८१।९।२१ मा विभिन्न समितिहरु गठन भई ती समितिले तोकिए बमोजिम रही कार्यसम्पादन गरिरहेको व्यहोरा समेत अवगत गराउन चाहन्छु। यसै अवधिमा कार्यालयको कामलाई दिशानिर्देश गर्ने महत्वपूर्ण दस्तावेज महालेखापरीक्षकको कार्यालयको पाँचौ रणनीतिक योजना (२०८२/-८३२०८८७/६) निर्माणको अन्तिम चरणमा रहेको छ। जसले कार्यालयको कामकारबाहीलाई पूर्वानुमानयोग्य बनाई सही मार्गदर्शन गर्ने अपेक्षा गरेको छु। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएको प्रथम संशोधनले थप स्पष्ट पारेसँगै करीब ३ वर्ष देखि स्थगित भएको संघीय निकाय/कार्यालयहरूको सम्परीक्षणको कार्यले तीव्रता पाएको छ। यसबाट आर्थिक अनुशासन कायम भई प्रभावकारी स्रोत व्यवस्थापनमा टेवा पुग्ने अपेक्षा गरेको छु। यस अवधिमा पनि सरोकारवालाहरुसँगको छलफल तथा अन्तर्क्रियालाई निरन्तरता दिइएको छ। जसबाट कार्यालयको कामको स्वःमूल्याङ्कन गर्न र सुधारका क्षेत्र पहिचान गर्न मद्दत पुगेको साथै कार्यालयका गतिविधिहरुको समेत प्रभावकारी सञ्चार हुने विश्वासका साथ सबैलाई धन्यवाद दिन चाहन्छु।

अध्ययन समितिको प्रतिवेदन



नेपालको वर्तमान समष्टिगत आर्थिक अवस्था र सार्वजनिक वित्त व्यवस्थापनका चुनौती तथा सुधारका क्षेत्रहरुबारे अध्ययन गरी सुझाव दिन मिति २०८१।०७।०७ मा पूर्व सचिव श्री लक्ष्मण अर्यालको संयोजकत्वमा पूर्वसचिव श्री डा. मुकुन्द प्रसाद पौड्याल र कर विज्ञ तथा पूर्व उपसचिव डा. महाराज कोइराला सदस्य रहने गरी एक समिति गठन गरिएको थियो। सो समितिबाट मिति २०८१।१०।१० मा मस्यौदा प्रतिवेदन र मिति २०८१।१०।२७ मा अन्तिम प्रतिवेदन प्राप्त भएको छ।

समितिको प्रतिवेदनमा मुख्य रुपमा निम्न विषयहरु समेटिएका छन्:

अर्थतन्त्रको अवस्था - विशेष अध्ययन

सरकारको आय र व्यय सम्बन्धी नीति, कार्यक्रम तथा कार्य विवरण अनुरूप सुधारका प्रयासहरू हुँदै आए तापनि नेपालको अर्थतन्त्रको बाह्य क्षेत्र, सार्वजनिक वित्त र वित्तीय क्षेत्रमा देखा परेका दबाब र जटिलतालाई सम्बोधन गर्न सकिएको छैन। आयातमा आधारित राजस्व, तुलनात्मक रुपमा न्यून निकासीका कारण मुलुक बढ्दो व्यापार घाटाको अवस्थामा रहेको छ। सार्वजनिक खर्चमा वृद्धि हुँदै गए तापनि पुँजीगत खर्च र यसको प्रभावकारिता वृद्धि हुन नसक्नु, पर्याप्त तयारी बिना बजेट प्रस्ताव गर्ने प्रवृत्ति रहनु, सार्वजनिक ऋणको मात्रा बढ्दै जानु, भुक्तानी दायित्व उच्च रहनु, वित्तीय हस्तान्तरणमा कमी हुँदै जानु,समपूरक र विशेष अनुदानतर्फ बर्सेनि आयोजना थप भई असीमित दायित्व सिर्जना हुँदै जानु जस्ता विषय मुलुकका विद्यमान चुनौतीका रूपमा रहेका छन्। यस परिप्रेक्ष्यमा यो वर्ष अर्थतन्त्रको अवस्था सम्बन्धमा माथि उल्लिखित विज्ञहरुबाट विशेष अध्ययन गराइएको थियो।

सकारात्मक अवस्था - सार्वजनिक वित्त व्यवस्थापनमा रहेका चुनौतीहरूको समीक्षा गरी संघ, प्रदेश र स्थानीय तहसमेतको वित्त संरचना र प्रणालीको सुदृढीकरणका लागि नेपाल सरकारबाट समय-समयमा नीतिगत, कानुनी र प्रशासनिक सुधारका कार्यहरू हुँदै आएका छन। अघिल्लो वर्ष २०७९।८० र २०८०।८१ मा वैदेशिक व्यापारमा कमी आएकोले शोधनान्तर स्थितिमा सुधारआएको छ। शोधनान्तर स्थिति २०८१ आषाढ मसान्तसम्म रु.५ खर्ब २ अर्ब र चालु खाता रु.२ खर्ब २१ अर्बले बचतमा रहेकोछ। प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन यसका बाधा पहिचान गरी सुधार गर्ने, पुँजीगत खर्चको प्रभावकारिता बढाई आर्थिक वृद्धिमा सहयोग पुर्‍याउने, प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै सरकारी लगानीलाई आर्थिक पूर्वाधारमा केन्द्रित गर्ने, बहुवर्षीय ठेक्काको सहमति दिइएका आयोजनाको स्रोत व्यवस्थापन गर्ने, वैदेशिक अनुदान र सहुलियतपूर्ण ऋणलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्ने, जलवायुसँग सम्बन्धित कोषहरूको परिचालनमा जोड दिने गरी नीतिगत व्यवस्थाको शुरुवात गरिएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराः

आर्थिक वृद्धिदर - नेपालको विगत पाँच वर्षको आधारभूत मूल्यको वास्तविकओसत आर्थिक वृद्धिदर ४ प्रतिशत भन्दा न्यून रहेको छ।

सार्वजनिक वित्त - आर्थिक वर्ष २०८०।८१ मा कुल गार्हस्थ उत्पादन ३.८७ प्रतिशतले वृद्धि हुने अनुमान गरिए पनि निजी उपभोगमा सामान्य मात्र वृद्धि भएको र सरकारी क्षेत्रको पुँजीगत लगानी वृद्धि हुन नसक्दा समष्टिगत माग वृद्धि हुन नसकेको, निजी लगानी, उत्पादन, रोजगारी र आयमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ।

राजस्व परिचालन - वित्तीय संघीयता कार्यान्वयन भएको ६ वर्षको अवधिमा राजस्व असुली सन्तोषजनक रहेको देखिँदैन। आर्थिक वर्ष २०७५।७६ बजेट वक्तव्यसाथ पेस भएको अनुसूचीमा राजस्व लक्ष्य कुल गार्हस्थ उत्पादनले २४.५ प्रतिशत निर्धारण गरिएकोमा असुली २१.५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८०।८१ मा राजस्व लक्ष्य करिब कुल ग्राहस्थ उत्पादनले २४.९ प्रतिशत निर्धारण गरिएकोमा असुली करिब १८.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०।८१ मा कर राजस्वको लक्ष्य रु.१३ खर्ब ५ अर्ब रहेकोमा असुली रु.९ खर्ब ४४ अर्ब (७२.३४%) मात्र रहेको देखिन्छ।

अन्तर्राष्ट्रिय व्यापार - नेपालको अन्तराष्ट्रिय व्यापार विगतदेखि नै घाटामा रहँदै आएको छ। विगत पाँच वर्षको तथ्याङ्कअनुसार वार्षिक निर्यात रु.२ खर्ब भन्दा नाघ्न नसकेको तर आयात रु.२० खर्बसम्म पुगेको अवस्था छ।

चालु खर्च तथा अनिवार्य दायित्व - सरकारको राजस्व असुली, अनिवार्य दायित्व र खर्चको अवस्था विश्लेषण गर्दा चालु खर्च बढ्नुमा अधिकांश खर्चहरू अनिवार्य रूपले खर्च गर्नुपर्ने प्रतिबद्ध खर्चहरू रहेका छन्। सामाजिक सुरक्षा,सहायता र पेन्सनलगायतका सुविधामा गरिएको खर्च २०७७।७८ मा रु.१ खर्ब ५६ अर्ब रहेकोमा २०८०।८१ मा रु.२ खर्ब २७ अर्ब अर्थात् कुल गार्हस्थ उत्पादनको ३.९८ प्रतिशत रहेको छ। उक्त खर्च २०७७।७८ को तुलनामा ४४.५९ प्रतिशतले वृद्धि भएको छ। सरकारले गर्नुपर्ने चालु खर्च राजस्वले पूर्ति गर्नुपर्नेमा अनिवार्य दायित्वसमेत धान्न नसक्ने अवस्था देखिएको छ।

सार्वजनिक ऋण - नेपालको सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ४२ प्रतिशतको हाराहारीमा पुगेकोछ। २०८१ आषाढ मसान्तसम्म आन्तरिक ऋण रु.११ खर्ब ८१ अर्ब र वैदेशिक ऋण रु.१२ खर्ब ५३ अर्बसमेत जम्मा सार्वजनिक ऋण रु.२४ खर्ब ३४ अर्ब पुगेको छ।

गण्डकी प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजु फर्स्यौंट तथा सम्परीक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम

नेपालको संविधान बमोजिम सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था रहेको छ। महालेखापरीक्षकको कार्यालयको नीति तथा आर्थिक वर्ष २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार माननीय महालेखापरीक्षकज्यू तथा नायब महालेखापरीक्षकसहितको टोलीबाट मिति २०८१ माघ २९ र ३० गते गण्डकी प्रदेश सरकार तथा प्रदेशको सार्वजनिक लेखा समितिसँग लेखापरीक्षण, बेरुजु फर्स्यौंट, सम्परीक्षण लगायतका विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो।

२९ माघ, २०८१

प्रदेश सरकारका पदाधिकारीहरूसँग भेटघाट तथा अन्तरक्रिया कार्यक्रम

माननीय महालेखापरीक्षक श्री तोयम रायासहितको टोली तथा गण्डकी प्रदेशका मुख्यमन्त्री सहितका पदाधिकारीहरूबिच प्रदेश नीति तथा योजना आयोगको कार्यालय, पोखरामा भेटघाट तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रममा माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डे, माननीय महालेखापरीक्षक श्री तोयम राया, गण्डकी प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजना मन्त्री माननीय डा. टकराज गुरुङ, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री माननीय विन्दुकुमार थापा, स्वास्थ्य मन्त्री माननीय कृष्णप्रसाद पाठक, उद्योग तथा पर्यटन मन्त्री माननीय मित्रलाल बस्याल, वन तथा वातावरण मन्त्री माननीय भेष बहादुर पौडेल, भौतिक पूर्वाधार विकास मन्त्री माननीय प्रकाशबहादुर के. सी. लगायतको उपस्थिति रहेको थियो । यसै गरी प्रमुख सचिव श्री रघुराम विष्ट, यस कार्यालयका नायब महालेखापरीक्षक श्री राजेन्द्रराज ओझा, प्रदेश सचिवहरू, प्रदेश लेखा नियन्त्रक, महालेखापरीक्षकको कार्यालयका निर्देशकहरु श्री टोपलाल पौडेल, श्री बुद्धिराज बसेल, श्री टीकानाथ अर्याल, श्री विष्णुप्रसाद पौडेल, श्री ठाकुरप्रसाद पण्डित, श्री गेद शर्मा ढकाल, प्रदेश सरकारका निर्देशनालय प्रमुखहरू, प्रदेश मन्त्रालय तथा निर्देशनालयका लेखा प्रमुखहरू लगायतका कर्मचारी तथा पदाधिकारीहरूसमेतको उपस्थिति सो कार्यक्रममा रहेको थियो।

कार्यक्रमका क्रममा प्रदेशको आन्तरिक लेखापरीक्षण, बेरुजु तथा वित्तीय अनुशासन अवस्था लगायतका विषयमा प्रदेश लेखा नियन्त्रक श्री सुरेश सुवेदीले र प्रदेशको समग्र आर्थिक अवस्थाका बारेमा आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रदेश सचिव श्री राजेन्द्रदेव पाण्डेले प्रस्तुतीकरण गर्नु भएको थियो। महालेखापरीक्षक र लेखापरीक्षण सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था, गण्डकी प्रदेशको विगत ६ वर्षको लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा लगायतका विषयमा नायब महालेखापरीक्षक श्री राजेन्द्रराज ओझाले प्रस्तुतीकरण गर्नु भएको थियो। प्रस्तुतीकरण पश्चातको छलफल तथा अन्तरक्रिया कार्यक्रममा लेखापरीक्षकहरूबाट औंल्याइने बेरूजुमा एकरुपता नभएको, एउटै प्रकृतिको कार्यमा कुनै निकायमा सैद्धान्तिक तथा कुनै निकायमा लगती बेरुजु कायम गर्ने गरिएको, एउटै



छलफल तथा अन्तर्क्रियापछीको सामुहिक तस्विर।

निकायको फरक आर्थिक वर्षको बेरूजुमा पनि एकरुपता नभएको, नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मा पठाइएका प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया तथा गत विगतका बेरुजु सम्परीक्षणको अनुरोध समयमै सम्बोधन नभएको, वार्षिक प्रतिवेदनमा उल्लिखित बेरूजु फर्स्यौट विधि, संघीय सरकारबाट हस्तान्तरण भइआएका निकायको बेरूजु फर्स्यौट विधि, पूर्वाधार विकाससम्बन्धी योजनाहरूको लेखापरीक्षणमा लेखापरीक्षकले प्राविधिक पक्षको पर्याप्त अध्ययन तथा विश्लेषण गर्ने नगरेको, खरिद व्यवस्थापन, ठेक्काको म्याद थप तथा बेरुजु, मूल्य समायोजन तथा भेरिएसन, उपभोक्ता समिति परिचालन, अनुदान व्यवस्थापन, मन्त्रालयहरु छुटिँदा तथा गाभिँदा बेरुजु लगत र फछ्यौंटमा कठिनाइ रहेको, असमयमै कर्मचारीहरूको सरुवा हुँदा लेखा स्रेस्ता अद्यावधिक गर्न तथा लेखापरीक्षण गराउन कठिनाइ हुने गरेको, तीन तहका सरकारबिच समन्वय र सहकार्यमा कमी रहेको जस्ता गुनासा तथा सुझाव सहभागीहरूबाट प्राप्त भएका थिए।

उक्त कार्यक्रममा प्रमुख सचिव श्री रघुराम विष्टले प्रदेशको मुख्य मुख्य बेरुजुको प्रवृत्ति उल्लेख गर्दै प्रदेश सचिव एवं कार्यालय प्रमुखहरूलाई आ-आफ्ना मन्त्रालय/कार्यालयको बेरूजु असुल/फर्स्यौटका लागि निर्देशन दिनु भयो। साथै वहाँले प्रारम्भिक प्रतिवेदन जारी प्रश्चात् समयमा नै प्रतिक्रिया पेश गर्न प्रदेश सरकारका जिम्मेवार सबै



व्यवस्था रहेको बेहोरा समेत वहाँले जानकारी गराउनु भयो। त्यस्तै लेखापरीक्षण टोलीहरू जिल्ला-जिल्लामा खटाइएपछि देशभरिका करिब २०० एफ्.एम्. रेडियो तथा अन्य सञ्चार माध्यमबाट कुनै सार्वजनिक निकायको काम, कारबाही तथा लेखापरीक्षण टोलीका विषयमा कुनै गुनासा वा सुझाव भए उपलब्ध गराइदिन अनुरोध गर्ने गरिएको साथै स्थलगत लेखापरीक्षण अवधिमा १५-१५ दिनको अन्तरालमा कार्यालय प्रमुख, लेखा प्रमुख तथा अन्य सरोकारवालाहरूसँग भर्चुअल बैठक समेत आयोजना गर्ने गरिएको जानकारी माननीय महालेखापरीक्षकले गराउनुभयो। लेखापरीक्षकहरूबाट औंल्याइएको बेरुजुमा एकरुपता नरहेको भन्ने सम्बन्धमा नेपालको संविधानको

कर्मचारीलाई निर्देशन दिनुका साथै प्रारम्भिक प्रतिवेदन उपर पेश भएका प्रतिक्रियाको समयमा नै सम्बोधन गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्नुभयो। आर्थिक कार्यविधि सम्बन्धी ऐन, नियमको परिधिभित्र रही खर्च गर्नु पर्ने तथा लेखाउत्तरदायी अधिकृतको भूमिका अनुसार बजेट तर्जुमा, निकासा, खर्च तथा लेखाङ्कन र लेखापरीक्षणमा प्रचलित कानुनले तोकेको जिम्मेवारी र जवाफदेहिता पूरा गरी आर्थिक अनुशासन कायम गर्न पहल गर्नु पर्ने धारणासमेत वहाँले राख्नु भएको थियो।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानदण्ड, असल अभ्यास लगायतका विषय उल्लेख गर्नुहुँदै लेखापरीक्षण व्यवस्थापन र कार्यविधिमा सुधार गर्दै लगिएको जानकारी गराउनु भयो। लेखापरीक्षकले लेखापरीक्षणको प्रवेश तथा बहिर्गमन बैठकमा सबै जिम्मेवार पदाधिकारी तथा लेखाउत्तरदायी अधिकृत लगायतका पदाधिकारीहरूलाई अनिवार्य रुपमा सहभागी गराउने, लेखापरीक्षकले माग गरेको लेखा, स्रेस्ता तथा विवरणहरू समयमा नै उपलब्ध गराउने, बहिर्गमन बैठकमा लेखापरीक्षकबाट औंल्याइएका व्यहोरा उपर छलफल गर्ने र प्रारम्भिक प्रतिवेदन जारी पश्चात् कानुन अनुसार ३५ दिनभित्र प्रतिक्रिया तथा जवाफ दिने लगायतका व्यवस्था गर्न सबै लेखा उत्तरदायी अधिकृतलाई आग्रह गर्नु भएको थियो। त्यस्तै निकायको

वित्तीय विवरणले आर्थिक कारोबारको सही र यथार्थ चित्रण ग रेको, आर्थिक कारोबारहरू गर्दा प्रचलित कानुन अनुसार खर्च गरी सोको नतिजा हासिल भएको जस्ता पक्षमा आश्वस्त हुने गरी कार्य गर्नुपर्ने धारणासमेत वहाँले राख्नुभयो । साथै लेखापरीक्षण सकारात्मक रुपमा शुरू हुने, असल नियतले कानुन तथा कार्यविधि अनुसार कार्य भएकोमा बेरुजु नहुने, लेखापरीक्षकले लेखापरीक्षणको क्रममा वित्तीय कारोबार र कानुनको परिपालना तथा खर्चको उपलब्धिको विश्लेषण गर्ने लगायतका विषय समेत वहाँले उल्लेख गर्नु भएको थियो।

यसै गरी लेखापरीक्षण गरिने निकायहरूलाई विभिन्न सूचकका आधारमा उच्च जोखिमयुक्त र न्यून जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त निकायको संक्षिप्त कार्यविधिबाट लेखापरीक्षण हुने, लेखापरीक्षण गरिने निकायको जोखिम क्षेत्रहरू पहिचान गरी लेखापरीक्षण योजना तयार गरी उक्त योजनाको आधारमा लेखापरीक्षण हुने, कार्यालय प्रमुख, लेखा प्रमुख तथा अन्य जिम्मेवार पदाधिकारीहरूसँग प्रवेश तथा बहिर्गमन बैठक हुने, प्रतिवेदन जारी पूर्वको गुणस्तर आश्वस्तता र प्रतिवेदन जारी पछिको गुणस्तरको आश्वस्तता तथा समकक्षी पुनरावलोकन समेतको

धारा ५९(७) मा वित्तीय अनुशासनसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुने व्यवस्था रहेको, उस्तै प्रकारका कुनै योजना तथा कार्यक्रम एक स्थानीय तहमा लेखापरीक्षणको लागि नमुना छनोटमा पर्ने तथा कुनैमा छनोटमा नपर्न सक्ने, लेखापरीक्षणमा फोकस गरिने विषयवस्तुहरू कुनै एक वर्ष र अर्को वर्षको बिचमा फरक हुन सक्ने, कतिपय स्थानीय तहले प्रचलित कानुन तथा कार्यविधिको आधारमा वा कानुन तथा कार्यविधि तर्जुमा गरी कारोबार गरे तापनि कतिपयले सो बेगरै खर्च गरेको हुन सक्ने, यदाकदा लेखापरीक्षकको अनुभव तथा दक्षतामा भिन्नता लगायतका कारणले पनि बेरुजुमा एकरुपता नहुन सक्ने र यसमा सुधारमा लागि कर्मचारीहरूलाई नियमित रूपमा तालिम तथा प्रशिक्षण प्रदान

गर्ने, समान प्रकृतिका कारोबारको लेखापरीक्षणमा देखिन सक्ने बेहोराहरूको टेम्प्लेट तयार गर्ने लगायतका पहल कार्यालयबाट भएको बेहोरा माननीय महालेखापरीक्षकले अवगत गराउनु भएको थियो ।

कुल बेरुजुमध्ये असुल गर्नुपर्ने करिब २० प्रतिशत मात्र रहेकोले बाँकी ८० प्रतिशत बेरुजु प्रमाण-कागजात तथा पुष्ट्याइँ पेस गरी सहजै फर्स्यौट गर्न सकिने अवस्था रहेको, यो वर्ष बेरुजु फर्स्यौट तथा सम्परीक्षणलाई विशेष प्राथमिकता दिइएको, संघीय निकायहरूबाट सरी आएका बेरुजुहरु कहाँ रहने र कसरी फर्स्यौट गर्ने भन्ने सम्बन्धमा नीतिगत रूपमै सम्बोधन हुनुपर्ने, वित्तीय अनुशासनबाट समग्र सुशासन कायम हुने भएकोले नीति तथा कार्यक्रम र योजना तर्जुमा, बजेट तर्जुमा, स्वीकृति, निकासा तथा खर्च व्यवस्थापन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण एवं पृष्ठपोषण लगायतका वित्तीय व्यवस्थापनका विभिन्न चरणमा संलग्न सबै पक्ष जिम्मेवार र जवाफदेही हुनुपर्ने, यसबाट अपेक्षित नतिजा हासिल हुनुका साथै प्रचलित ऐन, नियमले तोकेको समयावधिभित्र बेरुजु फर्स्यौट भएमा वित्तीय स्वच्छता र सुशासन कायम हुने धारणा राख्दै वहाँले सहभागीहरुबाट राखिएका जिज्ञासाको सम्बोधन गर्नुभएको थियो। माननीय मुख्यमन्त्रीज्यूले वित्तीय उत्तरदायित्व निर्वाह गर्न हरेक मन्त्रालयलाई निर्देशन दिइएको र एक अर्कालाई दोषारोपण गरेर पन्छिन नहुने धारणा राखुनु भएको थियो। यसै गरी कतिपय पदाधिकारी तथा कर्मचारीमा ज्ञान, अनुभव र दक्षताको कमीका कारण पनि बेरुजु आउने गरेको, आवश्यक प्रमाण तथा पुष्ट्याइँ समयमै पेश गरी बेरुजु फर्स्यौटमा तदारुकता ल्याउनुपर्ने, राजनीतिक नेतृत्वको दबाब तथा अन्य प्रकारका प्रभावमा परेर कुनै किसिमको नियम, कानुन विपरीत गलत काम नगर्न समेत वहाँले निर्देशन दिनुभयो। लेखापरीक्षकहरूले पनि स्वतन्त्र र निष्पक्ष भएर लेखापरीक्षण तथा प्रतिवेदन गर्नुपर्ने, लेखापरीक्षणबाट औंल्याइएका विषयहरूलाई सबैले गम्भीरतापूर्वक लिई मनन गर्नुपर्ने, महालेखापरीक्षकको कार्यालयले आयोजना गरेको यस्तो अन्तरक्रिया कार्यक्रमबाट आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै वहाँले महालेखापरीक्षकको कार्यालयलाई धन्यवाद ज्ञापन गर्नु भयो।

गण्डकी प्रदेश सभाको सार्वजनिक लेखा समितिको ३७ औं बैठकमा सहभागिता

गण्डकी प्रदेश सभा सार्वजनिक लेखा समितिका सभापति माननीय सुधिरकुमार पौडेलको अध्यक्षतामा सञ्चालित गण्डकी प्रदेश सभाको सार्वजनिक लेखा समितिको ३७ औं बैठकमा माननीय महालेखापरीक्षक श्री तोयम राया, गण्डकी प्रदेश सभाका सभामुख माननीय कृष्णप्रासद धिताल, उपसभामुख माननीय विनाकुमारी थापा, समितिका माननीय सदस्यहरू श्री कल्पना तिवारी, श्री खगराज अधिकारी, जीतप्रकाश आले, श्री जीतबहादुर शेरचन, श्री निर्मला थापा, श्री पञ्चराम गुरुङ, श्री भीमबहादुर कार्की, श्री सुशीला सिंखडा तथा अर्थ तथा विकास समितिका सभापति माननीय भोजराज अर्याल, प्रदेश मामिला तथा कानुन समितिका सभापति माननीय चम्पादेवी खड्का, यस कार्यालयका नायब महालेखापरीक्षक श्री राजेन्द्रराज ओझा, निर्देशक टीकानाथ अर्याल तथा लेखापरीक्षणमा खटिएका निर्देशकहरू समेतको उपस्थिति रहेको थियो।

उक्त बैठकमा सार्वजनिक लेखा समितिका उप सचिव श्री प्रेम सुवेदीले समितिको हालसम्मको कार्य प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो। यसै गरी महालेखापरीक्षकको कार्यालयको तर्फबाट नायब महालेखापरीक्षक श्री राजेन्द्रराज ओझाले छैठौं वार्षिक प्रतिवेदनसम्मको प्रमुख बेहोरा, कुल बेरुजु तथा फर्स्यौट गर्न बाँकी बेरुजुको अवस्था सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो। सो अवसरमा समितिका माननीय सदस्यज्यूहरूबाट राखिएका जिज्ञासाका सम्बन्धमा माननीय महालेखापरीक्षकज्यूले सम्बोधन गर्नुभएको थियो । समितिका सभापति माननीय सुधिरकुमार पौडेलले महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन उपर समितिमा दफावार छलफल भइरहेको बेहोरा जानकारी गराउनु हुँदै महालेखापरीक्षकको कार्यालयले आयोजना गरेको यस्तो कार्यक्रमबाट आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै महालेखापरीक्षकको कार्यालयलाई धन्यवाद ज्ञापन गर्नु भयो।



सार्वजनिक लेखा समितिका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया।

पुस्तकालय व्यवस्थापन

महालेखापरीक्षकको कार्यालयले Online Public Access (OPAC) Software मार्फत् यस कार्यालयमा रहेको पुस्तकालयलाई आधुनिक पुस्तकालय विज्ञान बमोजिम सुदृढीकरण गर्ने कार्य सम्पन्न गरेको छ।

पुस्तकालय व्यवस्थापन अन्तर्गत पुस्तकालयलाई विश्वको जुनसुकै कुनाबाट Bibliographic detail हेरी पुस्तकको उपलब्धता जानकारी प्राप्तिको लागि OPAC (Online Public Access Catalogue) http://46.250.232.117/ago/liberary/opac_css/ विकास भएको र विभिन्न र ज्ञान सामाग्रीहरु लेखक, शीर्षक, विषय वा key-word अनुसार कार्यालयको OPAC बाट खोजी गर्दा पुस्तकहरु भए नभएको भए पुस्तकालयको कुन दराजमा कहाँ जानकारी दिन सक्ने गरी व्यवस्थापन गरिएको छ। पुस्तकहरुलाई डिजिटल प्रणालीमा अभिलेख गर्न PBM र Resource Space Software Installation र Customization गरी OPAC (Online Public Access Catalogue) र Digital Library Platform बनाइएको छ। पुस्तकालयमा रहेका १८५० थान पुस्तकलाई पुस्तकालय तथा सूचना विज्ञानको नियमानुसार दर्ता गरी दर्ता गरिएको प्रत्येक पुस्तकलाई दर्ता नम्बार Barcode System सिर्जना गरी शीर्षक पृष्ठमा समावेश गरिएको छ।

उक्त कार्य मिति २०८१।११।५ मा श्री नेपाल नलेज सेन्टर सर्भिसेज, गैरीगाउँसँग भएको सम्झौता बमोजिम सम्पन्न भएको हो।



कर्मचारीहरु पुस्तकालयमा अध्ययन गर्नुहुँदै।



आधुनिक पुस्तकालय विज्ञान बमोजिमको पुस्तकालय।

अन्तरसम्वाद तथा प्रशिक्षण कार्यक्रम

गाउँपालिका राष्ट्रिय महासङ्घले गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा मिति २०८१।११।११ मा गण्डकी प्रदेशका गाउँपालिकहरूसँग लेखापरीक्षण सम्बन्धी अन्तरसम्वाद तथा प्रशिक्षण कार्यक्रमको आयोजना गरेको छ।

उक्त कार्यक्रममा महालेखापरीक्षकको कार्यालयबाट उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले प्रस्तुतीकरण गर्नु भएको थियो। उक्त प्रस्तुतीकरणमा पालिका र महालेखापरीक्षकको अन्तरसम्बन्ध, पालिकामा देखिएका समग्र समस्याहरु, समस्या समाधानका उपायहरु र स्थानीय तहबाट यस कार्यालयले राखेको अपेक्षा सम्बन्धमा लगायतका विषयवस्तु समेटिएका थिए। त्यसैगरी स्थानीय तहले आफ्नो अधिकार क्षेत्रमा मात्र कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने, स्थानीय योजना तर्जुमा र सञ्चालन प्रभावकारी बनाउनुपर्ने, लेखापरीणले औंल्याएका विषयलाई ध्यान दिनुपर्ने विषयमा समेत वहाँले जोड जोड दिनुभयो।

प्रस्तुतीकरण पश्चात् आँधिखोला गाउँपालिकाका अध्यक्ष श्री विश्वनाथ पौडेल, घरपझोङ गाउँपालिका, मुस्ताङका सूचना अधिकारी श्री हिमलाल शर्मा, बडीगाड गाउँपालिका बागलुङका प्रमुख श्री गण्डकी थापा अधिकारी, व्यास नगरपालिकाका लेखाअधिकृत श्री अर्जुन बराल, अन्नपूर्ण गाउँपालिका, रुपा गाँउपालिका लगायतका कर्मचारी तथा प्रतिनिधिहरुले लेखापरीक्षण, बेरूजु फर्स्यौट, सम्परीक्षण लगायतका विषयमा गुनासा तथा सुझावहरु राख्नु भएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री तोयम रायाले उचित गुनासो सुन्न र लेखापरीक्षणका सम्बन्धमा जानकारी आदान प्रदान गर्न यस प्रकारका कार्यक्रम अत्यन्त उपयोगी भएको बताउनु भयो। साथै लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका विषयको सम्बन्धमा ३५ दिन भित्रै प्रतिक्रिया दिन समेत अनुरोध गर्नुभयो। आर्थिक अनुशासन कायम गर्न लेखापरीक्षणको महत्वपूर्ण भूमिका हुनेभएकाले यस्तो कार्यक्रम प्रत्येक जिल्लामा सञ्चालन गर्न आवश्यक रहेको बताउनुभयो। जसले गर्दा लेखापरीक्षण गर्ने गराउनेको बिचमा भएका अन्तरलाई न्यूनीकरण गर्दै विनियोजित बजेटको सार्वजनिक खर्च, राजस्व संकलन, लेखा स्रेस्तामा चुस्तता कायम भई बेरूजु न्यूनीकरण गर्न तथा यसबाट लेखापरीक्षणको प्रभावकारीता अभिवृद्धिमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

कानुनको परिपालनाबाट नै आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता र पारदर्शिता कायम हुनाले यस्ता कार्यक्रमलाई अभियानकै रुपमा लैजानुपर्ने समेत वहाँले बताउनुभयो। यसपटक स्थलगत लेखापरीक्षणको क्रममा प्रत्येक १५ दिनमा भर्चुअल बैठक गरी लेखापरीक्षण तथा सम्परीक्षण सम्बन्धमा कुनै गुनासो जानकारी सूचना भएमा उलब्ध गराउनको लागि अनुरोध गरिएको थियो। २०८१।८२ मा त्यस्तो बैठक ४ पटक आयोजना गरिएको थियो। उक्त कार्यक्रममा प्राप्त गुनासा तथा सुझावहरुलाई सम्बोधन तथा कार्यान्वयन गरिएको बताउनुभयो। यसै गरि महालेखापरीक्षकले मात्र सञ्चालन गर्ने इमेल वा टेलिफोनबाट आफ्ना गुनासाहरु रेकर्ड गराउने व्यवस्था रहेको जानकारी गराउनु हुँङ्गदै आयोजक संस्थालाई धन्यवाद दिनुभयो।

कार्यक्रममा गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, गण्डकी प्रदेश कार्यसमितिका पदाधिकारीहरु, गण्डकी प्रदेशभित्रका गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृतहरु, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिनिधि लगायतको सहभागिता रहेको थियो। उक्त कार्यक्रमको प्रमुख आतिथ्यता गण्डकी प्रदेशका मुख्यमन्त्रीले गर्नु भएको थियो।

कार्यमूलक लेखापरीक्षण मार्गदर्शनः

यस कार्यालयले प्रयोगमा ल्याएको कार्यमूलक लेखापरीक्षण मार्गदर्शनलाई परिमार्जन तथा अद्यावधिक गर्न आईडिआइ/एडिबि इनिसिएटिभ अन सस्टेनेबल पर्फमेन्स अडिट (दोस्रो) चरण अन्तरगत गठित टोलीले तयार गरेको कार्यमूलक लेखापरीक्षण मार्गदर्शन,२०८१ महालेखापरीक्षकबाट स्वीकृत भई मिति २०८१।११।१८ देखि कार्यान्वयनमा ल्याइएको छ। यस मार्गदर्शनले साविकको कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०७९ लाई विस्थापन गरेको हो।

यो कार्यमूलक लेखापरीक्षण मार्गदर्शन तयार गर्दा नेपालको संविधान, लेखापरीक्षण ऐन,२०७५ तथा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संस्था ईन्टोसाई **(INTOSAI)** ले जारी गरेको कार्यमूलक लेखापरीक्षण सम्बन्धी मार्गदर्शन **ISSAI 3000** लगायतलाई आधार लिईएको छ।

यो मार्गदर्शन जारी भएपछि कार्यमूलक लेखापरीक्षणको विषय छनौट, लेखापरीक्षण योजना तर्जुमा, लेखापरीक्षण कार्यन्वयन,प्रतिवेदन र अनुगमन लगायतका लेखापरीक्षण विषयहरु थप व्यवस्थित र प्रभावकारी हुने अपेक्षा गरिएको छ। यस मार्गदर्शनमा कार्यमूलक लेखापरीक्षण गर्नका लागि आवश्यक अनुसूचीहरु, फाराम तथा अन्य ढाँचाहरु समेत समावेश गरिएका छन्।

लेखापरीक्षण सम्बन्धी सञ्चार माध्यमसँग सहकार्य

सार्वजनिक क्षेत्रको लेखापरीक्षणका सम्बन्धमा आम नागरिकलाई सुसूचित गराउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयले सार्वजनिक सेवा प्रसारण संस्था (नेपाल टेलिभिजन) सँग सहकार्य गरी "सुशासनका सवाल" कार्यक्रम संचालन गर्न सुरवात गरिएको गरेको छ। २०८१।११।१८ मा सम्झौता भई नेपाल टेलिभिजनबाट महिनामा कम्तिमा २ ओटा कार्यक्रम प्रशारण हुने गरेको छ। लेखापरीक्षण सम्बन्धी विभिन्न सूचनामूलक संदेशहरु विभिन्न सामुदायिक रेडियोहरुबाट समेत विगतदेखि नै प्रसारण गर्ने गरिएको छ।

नेपाल टेलिभिजनबाट प्रशारण भईसकेपछीको युटुवबाट समेत सार्वजनिक गरिने यस कार्यक्रममा हालसम्म देहायअनुसारका विषयहरु प्रस्तुत भईसकेका छन्।

- महालेखापरीक्षकको कार्यालय सम्बन्धी संवैधानिक र कानूनी व्यवस्था,
- महालेखापरीक्षकको कार्यालयको काम, कर्तव्य र अधिकार,
- लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र प्रक्रिया,
- बेरुजु, बेरुजुका किसिम र बेरुजु फर्स्यौट सम्बन्धी जानकारी।

दोस्रो र तेस्रो चरणको लेखापरीक्षण समीक्षा कार्यक्रम

१९ फागुन, २०८१

महालेखापरीक्षकको कार्यलयको सभाहलमा दोस्रो र तेस्रो चरणको लेखापरीक्षणको समीक्षा कार्यक्रम सम्पन्न भयो। कार्यक्रमको प्रारम्भमा बोल्दै उपहालेखापरीक्षकज्यूहरुले प्रारम्भिक प्रतिवेदनमा जति बढी मेहनत गर्‍यो त्यति नै राम्रो अन्तिम प्रतिवेदन तयार हुनेभएकाले प्रारम्भिक प्रतिवेदन लेखनमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो। लेखापरीक्षणमा एकरुपता ल्याउन सो सम्बन्धमा ढाँचा तयार गरी परिपत्र गरिसकिएकाले सो को पालना गर्न समेत कर्मचारीहरुलाई निर्देशन दिनुभयो। प्रतिवेदनमा उल्लेख गर्न चाहेको विषय स्पष्ट खुलाउनु पर्ने, तोकिएको ढाँचाको पालना गर्नुपर्ने, २५ दिनभित्र प्रतिवेदनलाई निष्कर्षमा पुर्‍याउनुपर्ने जस्ता विषयको पालना गर्न जोड दिनुभयो।

सहभागीका तर्फबाट बोल्दै निर्देशक नीरप्रसाद सुवेदीले कार्यालयले दिएको निर्देशनलाई पालना गर्ने बताउनुभयो साथै उहाँले लेखापरीक्षणमा एकरुपता कायम गर्न निकायगत मानदण्ड बनाउनुपर्ने धारणा समेत व्यक्त गर्नुभयो।

कार्यक्रममा निर्देशन दिँदै माननीय महालेखापरीक्षकज्यूले काम गर्दा क्यालेण्डर हेरेर योजना बनाई काम गर्नुपर्ने र आउनसक्ने कठिनाइ तर्फ पनि सचेत रहनु पर्ने बताउनुभयो। निर्देशनको क्रममा उहाँले काम सम्पन्न गर्न समय अभाव भए सोको अग्रिम जानकारी दिनुपर्ने, वार्षिक प्रतिवेदन जारी हुँदासम्म प्रारम्भिक प्रतिवेदन जारी गर्ने परिपाटीको अन्त्य हुनुपर्ने, वार्षिक योजना अनुसार काम गर्नुपर्ने, कुनै पनि प्रकारका प्रभावमा नपरी काम गर्नुपर्ने, बेरुजुमा एकरुपता कायम गर्न जारी भएका प्रतिवेदनमा नायब महालेखापरीक्षक र उपमहालेखापरीक्षकले समेत विशेष ध्यानदिनुपर्ने तर्फ सबैको ध्यानाकर्षण गराउनुभयो।

निर्देशक जितेन्द्र श्रेष्ठले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा यस कार्यालयका उच्चपदस्थ कर्मचारीसहित करिब १५० जनाको

प्रेस तथा मिडियासँग अन्तरक्रिया कार्यक्रम

महालेखापरीक्षकको कर्यालयले सार्वजनिक क्षेत्रको लेखापरीक्षण, बेरुजु तथा सम्परीक्षण सम्बन्धमा मिति २०८१ फागुन २२ गते प्रेस तथा मिडियासँग अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको छ। कार्यालयबाट सम्पादन हुने लेखापरीक्षण तथा सम्परीक्षण कार्य लगायतका विषयामा आमसञ्चार जगतलाई जानकारी गराउने तथा लेखापरीक्षणलाई थप गुणस्तरीय र विश्वसनीय बनाउन सञ्चारकर्मीहरुले खेल्न सक्ने भूमिकाबारे छलफल तथा अन्तर्क्रिया गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो।

सो अवसारमा सार्वजनिक क्षेत्रको लेखापरीक्षण सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था, लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति कार्यालयबाट गरिने लेखापरीक्षणका प्रकार, परीक्षणको क्रममा परीक्षण गरिने विषयहरु, लेखापरीक्षण ऐन, २०७५ को दफा ८ र ९ बमोजिम परीक्षण गर्ने विषयहरु, पूर्ण सरकारी स्वामित्व र अधिकांश सरकारी स्वामित्वका संगठित संस्थाहरुको लेखापरीक्षण सम्बन्धी व्यवस्था, महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश हुने विषयहरु, लेखापरीक्षण प्रक्रिया तथा लेखारीक्षण गुणस्तर व्यवस्थापन गर्न कार्यालयबाट गरिएका व्यवस्थाहरु,लेखापरीक्षण प्रक्रियामा सरोकारवलाहरुको संलग्नता, बेरुजुको प्रकार र अवस्था, सम्परीक्षणको अवस्था, लेखापरीक्षण तथा सम्परीक्षणको क्रममा असुल भएको रकमको अवस्था, लेखापरीक्षकहरुले पालना गर्नुपर्ने आचारसंहिता, लिमा तथा मेक्सिको घोषणापत्रमा उल्लिखित सिद्धान्तहरु र नेपालको अवस्था, कार्यालयको कार्यसम्पादनमा प्रभाव पार्ने विषयहरु सर्वोच्च लेखापरीक्षण संस्थाको प्रभावकारीता अभिवृद्ध गर्ने सम्बन्धी असल अन्तर्राष्ट्रिय अभ्यास लगायतका पक्षमा कार्यालका नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले प्रस्तुतीकरण गर्नुभएको थियो।

सहभागी सञ्चारकर्मीहरुले यस किसिमको कार्यक्रम आयोजना गर्नु सराहनीय भएको उल्लेख गर्दै विभिन्न सुझाव तथा जिज्ञासाहरु राख्नु भएको थियो। कार्यक्रममा उपस्थित सञ्चारकर्मीहरुबाट उठान भएका विषयमा माननीय महालेखापरीक्षकज्यूले सम्बोधन गर्नुहुँदै लेखापरीक्षणको विषयमा आम नागरिक र सोकारवाला समक्ष सहि र यथार्थ विषयको सञ्चार गर्न सञ्चारकर्मीहरुसँगको सहकार्य आवश्यकता महसुस भई यो कार्यक्रम आयोजना गरिएको बताउनु भएको थियो। उक्त कार्यक्रममा कार्यालयका उपमहालेखापरीक्षकहरु लगायतका कर्मचारीहरुको उपस्थिति रहेको थियो।

ईन्टोसाई डेभलपमेन्ट ईनिसएटिभ र एसियाली विकास बैंक साझेदारीमा कार्यक्रम

थाईल्याण्डको राजधानी बैंककमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन ईन्टोसाई (INTOSAI) अन्तर्गतको INTOSAI Development Initiative र एसियाली विकास बैंक (ADB) को साझेदारीमा आयोजित "Strengthening Performance Audit Practices in Asia and Pacific" कार्यक्रममा नेपाल लगायत एशिया प्रशान्त क्षेत्रका ६ राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाहरुको सहभागिता रहेको थियो। सन् २०२५ मार्च ३१ देखि अप्रिल ११ सम्म भएको उक्त कार्यक्रममा Leadership Forum, Workshop on Statement of Audit Quality Management र Workshop on Robust Follow Up Systems गरी तीनवटा विषय समेटिएका थिए। उक्त कार्यक्रमबाट लेखापरीक्षण गुणस्तर व्यवस्थापनका लागि आवश्यकता पहिचान लेखाजोखा, कार्ययोजना तथा रणनीति, नीति तथा कार्यविधि लगायतका विषयलाई सम्बोधन गर्न निर्धारित समयसीमा सहितको कार्यदिशा तय गर्नुका साथै सम्परीक्षणलाई वस्तुनिष्ठ बनाउन सम्परीक्षण सम्बन्धी सम्पूर्ण विषयलाई Learning Management System मा समावेश गर्ने, नीति तथा कार्यविधि तयार गर्ने, कार्ययोजना तयार गर्ने, सचेतना कार्यक्रमहरु आयोजना गर्ने लगायतका विषयहरु पहिचान गरिएका थिए।

उक्त कार्यक्रम Leadership Forum मा माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यू र निर्देशक श्री रमेश सुवेदीको सहभागिता रहेको थियो भने Workshop on Statement of Audit Quality Management र Workshop on Robust Follow Up Systems मा क्रमशः उप-महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारी र नायब महालेखापरीक्षक श्री श्याम प्रसाद भण्डारीको नेतृत्वको टीमले सहभागिता जनाएको थियो भने स्रोत व्यक्तिको रुपमा नायब महालेखापरीक्षक श्री चन्द्र कान्त भण्डारी र निर्देशक श्री सिर्जना रिमाल रहनु भएको थियो।

रणनीतिक योजना, २०२५-२०३० को मस्यौदा उपर सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम

महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजना २०८२।८३ – २०८६।८७ को मस्यौदा सम्बन्धमा २०८१ चैत्र ८ र ९ गते गोदावरीमा सरोकारवालाहरुसंग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा सार्वनजिक लेखा समितिका सभापति, पूर्व महालेखापरीक्षक, लेखापरीक्षण सल्लाहकार समितिका सदस्यहरु, प्रदेश सचिव, महालेखा नियन्त्रक, नेपाल नगरपालिका संघका अध्यक्ष तथा प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघका पदाधिकारी तथा प्रतिनिधिहरु, कार्यालयका उपमहालेखापरीक्षकहरु, नायब महालेखापरीक्षकहरु लगायतका पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता रहेको थियो।

उक्त कार्यक्रममा नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले रणनीतिक योजना तर्जुमा गर्दा अपनाइका विधि, पद्धति तथा प्रकृया, सरोकारवालासँगको छलफल, सूचना तथा जानकारीको प्राप्ति, रणनीतिक योजनाले लिएको रणनीतिक लक्ष्यहरू, असल अन्तर्राष्ट्रिय अभ्यास लगायतका विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो।

यसै अवसरमा पूर्व महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालले कार्यालयको रणनीतिक योजनामा समावेश गर्नुपर्ने मुख्य विषयहरूका सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो।

कार्यक्रमको दोस्रो दिन बिहान ९ बजे देखि समूहगत विभाजन गरी रणनीतिक लक्ष्यहरुको सम्बन्धमा लक्ष्य १ : स्वतन्त्रता र कानुनी अख्तियारी (Mandate) अभिवृद्धि गर्ने, लक्ष्य २ : सङ्गठनात्मक संरचना सुदृढ बनाउने र आन्तरिक सुशासनमा सुधार गर्ने, लक्ष्य ३ : प्रविधिको लाभ उठाउँदै लेखापरीक्षण प्रक्रियालाई सुदृढ गर्ने, लक्ष्य ४ : पेशागत सक्षमता (Competence) अभिवृद्धि गर्ने, लक्ष्य ५ : लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि गर्ने र लक्ष्य ६ : सरोकारवालासँगको समन्वय र सहकार्य सुदृढ बनाउने लक्ष्यहरूको समूहगत छलफल गरी गरियो ।समूहगत छलफलबाट प्राप्त भएका पृष्ठपोषणलाई नीति योजना जनशक्ति विकाय तथा अन्तर्राष्ट्रिय सम्बन्ध, प्रतिवेदन तथा अनुगमन निर्देशालयबाट बुँदागत टिपोट गरिएको थियो।

कार्यक्रममा पूर्व महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल, सार्वजनिक लेखा समितिका सभापति माननीय श्री ऋषिकेश पोखरेल र माननीय महालेखापरीक्षक श्री तोयम रायाले रणनीतिक योजनाले आगामी ५ वर्षको लागि कार्यालयको मार्गचित्र तय गरेको उललेख गर्नुहुँदै सबै सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा उदयीमान विधि पद्धितिको आबद्धता, कर्मचारीको क्षमता विकास, सूचना प्रविधिको प्रयोग सर्बोच्च लेखापरीक्षकहरूको अन्तर्राष्ट्रिय संस्थाहरुसँगको बहुपक्षीय र द्विपक्षीय सम्बन्ध, तीनै तहको सरकार, सार्वजनिक लेखा समिति, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी लगायतका सरोकारवालासँगको समन्वय र सहकार्यमा यस रणनीतिक योजनाले लिइएको अपेक्षित लक्ष्य हासिल गर्न सकिने विश्वास व्यक्त गर्नु भयो।



रणनीतिक योजनाको मस्यौदाको छलफलमा उपस्थित हुनु भएका सहभागीहरु।

गुणस्तर आश्वस्तता पुनरावलोकन

महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षणलाई प्रभावकारी बनाउन हरेक वर्ष गुणस्तर आश्वस्तता पुनरावलोकन गर्दै आएको छ। कार्यालयले लागू गरेको गुणस्तर आश्वस्तता पुनरावलोकन हेण्डबुक, २०७९ अनुसार सार्वजनिक लेखापरीक्षणका स्थापित मान्यता, नीति, मानदण्ड, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिमा भएको व्यवस्था लेखापरीक्षणमा अनुशरण भएको सुनिश्चित गर्न ६३ वटा लेखापरीक्षण फाइलमा प्रतिवेदन जारी गर्नुपूर्व र पश्चात् सुपरीवेक्षण तथा आन्तरिक पुनरावलोकन गरिएको छ।

वार्षिक लेखापरीक्षण योजनाबमोजिम सबै सरकारी कार्यालयको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पूर्व नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मार्फत नायब महालेखापरीक्षक तहबाट पुनरावलोकन गरी प्रतिवेदन जारी गरिएको छ । गुणस्तर आश्वस्तता निर्देशलयबाट ४ फाइलको लेखापरीक्षण प्रतिवेदन जारी पूर्वको गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ । त्यसैगरी लेखापरीक्षण प्रतिवेदन जारी पश्चात्को पुनरावलोकनको लागि लेखापरीक्षण टोलीका प्रमुख (निर्देशक) हरूको नेतृत्वमा वित्तीय र परिपालना लेखापरीक्षणतर्फ ५६ र कार्यमूलक लेखापरीक्षणतर्फ ३ फाइलको गुणस्तर आश्वस्तता पुनरावलोकन गरी सोको आधारमा गुणस्तर आश्वस्तता पुनरावलोकन प्रतिवेदन, २०८१ जारी गरिएको छ। जसमा लेखापरीक्षण पूर्व, लेखापरीक्षण योजना, लेखापरीक्षण कार्यान्वयन र लेखापरीक्षण प्रतिवेदन खण्डअन्तर्गत लेखापरीक्षण टोली गठन, नैतिक आचरण घोषणा, निकायको जानकारी, सारभूतताको तह निर्धारण, जोखिम विश्लेषण, आनतरिक लेखापरीक्षणको मूल्याङ्कन, लेखापरीक्षण योजना र कार्यक्रम, अख्तियारीपत्र, लेखापरीक्षण योजनामा संशोधन, नमूना छनौट, लेखापरीक्षण प्रमाण, क्रियाकलापहरुको अभिलेखीकरण, प्रतिवेदन जारी पूर्व पुनरावलोकन, लेखापरीक्षण प्रतिवेदन, बेरुजुमा एकरुपता, गुणस्तर आश्वस्तता पुनरावलोकन हेण्डबुक अध्यावधिक गर्नुपर्ने सुधार लगायतका विषयमा सुधारका लागि सुझावहरु प्रस्तुत गरिएका छन्।

लेखापरीक्षणमा नागरिक सहभागिता

सहभागितात्मक लेखापरीक्षण निर्देशिका, २०७९ ले लेखापरीक्षण कार्यमा नागरिक समाजको संलग्नताको माध्यमबाट पारदर्शिता अभिवृद्धि गरी प्रतिवेदनको विश्वसनीयता बढाउन नागरिक समाज संस्थाको सहभागिताको ढाँचा निर्धारण गरेको छ। कार्यालयले कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको संलग्नतालाई निरन्तरता प्रदान गरेको छ। यो वर्ष कार्यमूलक लेखापरीक्षण गरिएका १२ विषय मध्ये कृषि तथा पशु बीमा कार्यक्रमको प्रभावकारीता, लाइभस्टक इनोभेसन सेक्टर आयोजनाको प्रभावकारीता र नेपालमा औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोर व्यवस्थापन गरी जम्मा ३ विषयमा नागरिक समाज संस्थालाई सहभागी गराई लेखापरीक्षण कार्य गरिएको छ।

सम्पादकीय...

तथा वैदेशिक तालिम तथा कार्यक्रमहरूमा सहभागिता तथा विभिन्न क्षेत्रको लेखापरीक्षण सम्बन्धी तालिमहरू समेत यस अवधिमा सञ्चालन गरिएका छन्। यसबाट कार्यालयको काममा दक्षता अभिवृद्धि भई कार्यालयको उद्देश्य प्राप्तिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

बेरुजु सम्परीक्षण निर्देशिका जारी

लेखापरीक्षण ऐन,२०७५ को दफा २९ बमोजिमको अधिकार प्रयोग गरी माननीय महालेखापरीक्षकज्यूले बेरुजु सम्परीक्षण निर्देशिका, २०८१ जारी गर्नुभएको छ। विगतमा कार्यन्वयनमा रहेको बेरुजु सम्परीक्षण निर्देशिका, २०७५ लाई प्रतिस्थापन गर्दै यो निर्देशिका जारी भएको हो। यो निर्देशिका जारी भएपछि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रयोग गरी भएका लेखापरीक्षणको सम्परीक्षण तथा सोभन्दा पहिले म्यानुयल रुपमा भएको लेखापरीक्षणबाट देखिएका बेरुजु सम्परीक्षण गर्न मार्गदर्शन हुने भएको छ।

बेरुजु वर्गीकरण निर्देशिका तयार गर्नका लागि कार्यालका उपमहालेखापरीक्षक विन्दु विष्टको नेतृत्वमा मिति २०८१।०२।२९ मा समिति गठन गरिएको थियो। समितिले पेश गरेको मस्यौदा माननीय महालेखापरीक्षकबाट मिति २०८१।१२।३१ गते स्वीकृत भई कार्यान्वयनमा आएको छ।

यस निर्देशिकाअनुसार देहायका पदाधिकारीहरुले देहायअनुसारको रकमको सम्परीक्षण गर्न सक्ने व्यवस्था रहेको छ-

क.सं.	विवरण	स्वीकृत गर्ने अधिकारी
१	प्रारम्भिक प्रतिवेदन उपरको प्रतिकृयाबाट बेरूजु हटाउने	नायव महालेखापरीक्षक
२	जुनसुकै प्रकारको वर्गीकरणमा परेको बेरूजु भएतापनि असुल भएको बेरूजु	निर्देशक
३	सबै प्रकारका पेश्की बेरूजु	निर्देशक
४	नियमित गरी वा प्रमाण कागजात तथा पुष्टयाईं पेश गरी फर्स्यौंट भएको देहाय बमोजिमको बेरुजु: क) अनुरोध रकम तीस लाख रुपैयाँसम्मको बेरूजु ख) अनुरोध रकम तीस लाख रूपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्मको सम्मको बेरूजु ग) अनुरोध रकम एक करोड रुपैयाँभन्दा बढीको बेरूजु	निर्देशक नायव महालेखापरीक्षक उप-महालेखापरीक्षक
५	महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश भई सार्वजनिक लेखा समितिको निर्णय एवं प्रचलित कानून बमोजिम लगत कट्टा गर्न अनुरोध गरेको बेरूजु	महालेखापरीक्षकलाई जानकारी गराई उप-महालेखापरीक्षक
६	महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश नभएका सैद्धान्तिक बेरूजु	निर्देशक/ नायव महालेखापरीक्षक/ उपमहालेखापरीक्षक
७	स्थानीय तहको प्रतिवेदनमा समावेश भएका सैद्धान्तिक बेरूजु	निर्देशक/ नायव महालेखापरीक्षक/ उपमहालेखापरीक्षक
८	बेरूजु फर्स्यौंट समितिको निर्णय बमोजिम फर्स्यौंट बेरूजु	महालेखापरीक्षकलाई जानकारी गराई उप-महालेखापरीक्षक
९	कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कायम भई फर्स्यौंट भएको बेरूजु	नायव महालेखापरीक्षक

२०८१ माघ देखि चैत्रसम्म अन्तर्राष्ट्रिय तालिम तथा अन्य कार्यक्रममा मनोनयन तथा सहभागिताको विवरण

सि.नं.	पद	नाम	कार्यक्रमको प्रकृति	कार्यक्रम	आयोजक	मिति
१	निर्देशक	श्री सन्तोष शर्मा सापकोटा	Sub-Regional audit planning meeting of ASOSAI Capacity Devt. Program	मिटिङ	Ukulhas, Maldives	२०२५ फेब्रुअरी,१३-२२
२	निर्देशक	श्री रोशन दास	Sub-Regional audit planning meeting of ASOSAI Capcity Devt. Program	मिटिङ	बैंकक, थाईल्याण्ड	२०२५ मार्च ३-७
३	लेखापरीक्षण अधिकारी	श्री छेत्र बहादुर थापा	Sub-Regional audit planning meeting of ASOSAI Capacity Devt. Program	मिटिङ	बैंकक, थाईल्याण्ड	२०२५ मार्च ३-७
४	लेखापरीक्षण अधिकारी	श्री अनिता कुमारी थापा	Sub-Regional audit planning meeting of ASOSAI Capacity Devt. Program	मिटिङ	बैंकक, थाईल्याण्ड	२०२५ मार्च ३-७
५	नायब महालेखापरीक्षक	श्री राम प्रकास महतो	162nd ITP on "Use of Data Analytic and Emerging Technology in Audit"	तालिम	नोयडा भारत	२०२५ फेब्रुअरी ५-२८
६	निर्देशक	श्री दुर्गाप्रसाद पन्थी	162nd ITP on "Use of Data Analytic and Emerging Technology in Audit"	तालिम	नोयडा भारत	२०२५ फेब्रुअरी ५-२८
७	लेखापरीक्षण अधिकारी	श्री प्रसन्न शिपखान	खाद्य तथा पोषण सुरक्षा आयोजना -दोस्रो(FANSEP-2)	तालिम/ अवलोकन	मलेशिया तथा फिलिपिन्स	२०२५ फेब्रुअरी २८ देखि मार्च ८
८	मा.महालेखापरीक्षक	श्री तोयम राया	Leadership Forum 2	कार्यशाला	बैंकक, थाईल्याण्ड	April 7 to 8, 2025
९	निर्देशक	श्री रमेश सुवेदी	Leadership Forum 2	कार्यशाला	बैंकक, थाईल्याण्ड	April 7 to 8, 2025
१०	नायब महालेखापरीक्षक	श्री चन्द्रकान्त भण्डारी	Educational Workshop on System of Audit Quality Management (SOAQM), Robust follow-up Systems, Including LeadershiMp Forum 2	कार्यशाला	बैंकक, थाईल्याण्ड	मार्च 31- अप्रिल 11, 2025
११	निर्देशक	श्री सिर्जना रिमाल	Educational Workshop on System of Audit Quality Management (SOAQM), Robust follow-up Systems, Including LeadershiMp Forum 2	कार्यशाला	बैंकक, थाईल्याण्ड	मार्च 31- अप्रिल 11, 2025
१२	नायब महालेखापरीक्षक	श्री श्याम प्रसाद भण्डारी	Educational Workshop on Enhance Follow-up System for Performance Audit	कार्यशाला	बैंकक, थाईल्याण्ड	April 9-11, 2025
१३	नायब महालेखापरीक्षक	श्री श्याम प्रसाद भण्डारी	Educational Workshop on Enhance Follow-up System for Performance Audit	कार्यशाला	बैंकक, थाईल्याण्ड	April 9-11, 2026
१४	निर्देशक	श्री जितेन्द्र श्रेष्ठ	GAO International Auditor Fellowship Program	तालिम	संयुक्त राज्य अमेरिका	April 2-July 2, 2025

२०८१ माघ देखि चैत्रसम्म खुल्ला प्रतिष्पर्धात्मक परीक्षाबाट नियुक्ति भएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	नियुक्ती मिति
१	लेखापरीक्षण अधीक्षक	श्री जितेन कुलुङ	२०८१/१०/१३
२	लेखापरीक्षण अधीक्षक	श्री कृष्ण चौलागाई	२०८१/१०/१३
३	लेखापरीक्षण अधीक्षक	श्री गुणानिधी पाण्डे	२०८१/१०/१३
४	लेखापरीक्षण अधीक्षक	श्री दिपक भुसाल	२०८१/१०/१३
५	लेखापरीक्षण अधीक्षक	श्री जीवन भण्डारी	२०८१/१०/१३
६	लेखापरीक्षण अधीक्षक	श्री संघिता घर्ती	२०८१/१०/१३
७	लेखापरीक्षण अधीक्षक	श्री मन्जु भण्डारी	२०८१/१०/१३
८	लेखापरीक्षण अधीक्षक	श्री प्रश्ननानी क्षेत्री	२०८१/१०/१३
९	लेखापरीक्षण अधीक्षक	श्री विवेक राई	२०८१/१०/१३
१०	लेखापरीक्षण अधीक्षक	श्री अजय कुमार कुशवाहा	२०८१/१०/१३
११	लेखापरीक्षण अधीक्षक	श्री अनुका कुलुङ	२०८१/१०/१३
१२	लेखापरीक्षण निरीक्षक	श्री भिम बहादुर सुदारी मगर	२०८१/१०/२९
१३	लेखापरीक्षण अधीक्षक	श्री चन्द्रबहादुर मगर	२०८१/११/१२

२०८१ माघ देखि चैत्रसम्म सरुवा भई आएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	रमाना मिति
१	सहायक कम्प्यूटर अपरेटर	श्री राम कुमार मण्डल	२०८१।१२।३१
२	निर्देशक (सूचना प्रविधि)	श्री थानेश्वर पनेरु	२०८१।११।२५

२०८१ माघ देखि चैत्रसम्म जेष्ठता, कार्यक्षमताको मूल्याङ्कन र आन्तरिक प्रतिष्पर्धात्मक परीक्षाबाट बढुवा नियुक्ति भएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	नियुक्ती मिति
१	नायव महालेखापरीक्षक	श्री ध्रुवराज भुसाल	२०८१/१०/०९
२	नायव महालेखापरीक्षक	श्री टिकाराम श्रेष्ठ	२०८१/१०/२५
३	निर्देशक	श्री शैलेन्द्र कुमार प्रसाई	२०८१/१०/२६
४	निर्देशक	श्री श्रीराम धिमाल	२०८१/१०/२६
५	निर्देशक	श्री कृष्ण भट्ट	२०८१/१०/२६
६	निर्देशक	श्री छेत्र बहादुर थापा	२०८१/११/०३
७	निर्देशक	श्री कृष्णशरण कार्की	२०८१/११/०३
८	निर्देशक	श्री प्रसादु थारु	२०८१/११/०३